# लेखा समितिद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को

# वार्षिक प्रगति प्रतिवेदन-२०८१

मालिका गाउँपालिका

## मालिका गाउँपालिका

## अर्खावाङ्ग, गुल्मी

गाउँसभामा पेस गरेको मितिः २०८१।०३।०८ गते।

सभाध्यक्ष ज्यू,

नेपालको संविधान २०७२ को धारा ९३ तथा लुम्बिनी प्रदेशको गाँउसभा र नगर सभा (कार्य संचालन) सम्बन्धमा बनेको ऐन २०७६ को दफा ६७ को उपदफा १ बमोजिम विभिन्न समितिहरु गठन गर्न सकिने प्रावधान बमोजिम मालिका गाँउपालिकाको दोश्रो गाँउसभाको दोश्रो अधिवेशनको वैठकबाट लेखा समिति गठन भएको हो ।यस समितिको पहिलो प्रतिवेदन यस मालिका गाँउपालिकाको गाँउसभामा पेश गर्न पाँउदा अत्यन्न गौरवको अनुभुति गरेको छु । मलाई यो जिम्मेवारी सम्हाल्ने नेतृत्व प्रदान गर्नु भएकोमा सभाध्यक्ष ज्यू, सभाका सम्पुर्ण सदस्य तथा समितिका सदस्यलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

सभाध्यक्ष ज्यू,

मालिका गाँउपालिकाको लेखा समितिको कार्य क्षेत्र निर्धारण सम्बन्धमा लेखा समिति संचालन तथा कामकारबाहीको लागि कार्यविधि निर्माण भएको छैन यद्यपि लेखा समितिले महालेखापरीक्षकको बार्षिक प्रतिवेदनले औंल्याएका बेरुजुका सम्बन्धमा सम्बन्धित समिति, निकाय तथा निकायका पदाधिकारीहरुको सहभागितामा छलफल गरि सार्वजनिक खर्च गर्ने कार्यमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता कायम गरि बेरुजु न्युनीकरण गर्ने कार्यमा समिति क्रियाशिल रहेको छ ।

सभाध्यक्ष ज्यू,

लेखा समितिको कार्य निकै जटिल र चुनौतीपुर्ण छ । यस गाँउपालिका र अन्तर्गतका निकाय, कार्यालय तथा संस्थामा देखिएका अनियमितता, सार्वजनिक साधन र श्रोतमा हुने हिनामिना, चुहावट तथा भ्रष्टाचार जन्य काम कारबाहीलाई न्युनीकरण गर्दै जेरो टोलेरेन्स नीतिलाई कायम गराउनु लेखा समितिको चुनौती रहेको छ । सोही सन्दर्भमा लेखा समितिले आर्थिक वर्ष २०७८।७९ को महालेखा परिक्षकको अन्तिम लेखा परीक्षण उपर आफ्नो सक्रिय सहभागितामा बेरुजु न्युनीकरण कार्य गरेको छ भने आर्थिक वर्ष २०७९।८० को अन्तिम लेखा परीक्षण उपर दफावार छलफल गरि सम्परीक्षणको लागि थप कागजात, प्रमाण संकलन तथा असुल गर्नको लागि विभिन्न संघ संस्था समिति तथा व्यक्तिहरुलाई परिपत्र गर्ने कार्य गरिरहेको रहेको व्यहोरा यो गरिमामय सभामा पेश गर्दछु ।



मालिका गाँउपालिका

सभाध्यक्ष ज्यू,

अब म यस गाँउपालिकाको लेखा समितिको प्रतिवेदन यस गरिमामय सभामा पेश गर्न गर्दछु ।

**विषय सुची**

| क्र.स. | शीर्षक |
|---|---|
| १. | लेखा समितिको वैठक र निर्णयहरु |
| २ | महालेखा परीक्षकले औल्याएका बेरुजुका कामकारबाही सम्बन्धमा विवरणहरु |

## १. लेखा समितिको वैठक र निर्णयहरु:

नेपालको संविधानको धारा १९३ तथा लुम्बिनी प्रदेशको गाँउसभा तथा नगरसभाको कार्य संचालनका सम्बन्धमा बनेको ऐन २०७६ को दफा ६७ को उपदफा १ बमोजिम यस गाँउपालिकाको दोश्रो गाँउसभाको दोश्रो अधिवेशनले लेखा समिति गठन भई लेखा समितिको पहिलो वैठक मिति २०८० साल जेठ २५ गते बसेको थियो जसमा आर्थिक वर्ष २०७८।७९ को महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा न २८.१, ३०.२ र ३१ नियमित गर्नको लागि पेश गरिएकोमा मिति २०८०।०२।३२ गतेको गाँउकार्यपालिका मार्फत यस सम्मानित सभामा पेश गरिएको थियो ।

मालिका गाँउपालिका

## २. महालेखा परीक्षकको प्रतिवेदनमा औल्याइएका वेरुजुका सम्बन्धमा भएका कामकारबाहीको विवरण:

- मिति २०८० साल जेठ २५ गते बसेको थियो जसमा आर्थिक वर्ष २०७८।७९ को महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा न ३०.२,३१ र ३५.१ बमोजिम रु ३८ लाख २ हजार ७ सय ५७ बेरुजु फछ्यौंट गरिएको छ ।

| दफा न | विवरण | | | रकम | कैफियत |
|---|---|---|---|---|---|
| दफा न ३०.२ | ठेक्का न | १५-२०७८।७९<br>१६-२०७८।७९<br>१८-२०७८।७९ | वीमाको भुक्तानी अनियमित भएको सम्बन्धमा नियमित गरि फछ्यौंट भएको | १,२४,४२१।- | |
| दफा न ३१ | प्रशासकीय भवनको लागत अनुमानका सम्बन्धमा अनियमित भएको नियमित गरि फछ्यौंट गरिएको | | | ३६,४०,२३६।- | |
| दफा न ३५.१ | आलेप शाखाबाट प्रमाण पेश गर्नुपर्ने भनिएको प्रमाण संलग्न गरि फछ्यौंट गरिएको | | | ३८,१००।- | |
| कुल जम्मा | | | | ३८,०२,७५७।- | |

मालिका गाउँपालिका

- आर्थिक वर्ष २०७९।८० को महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदन मिति २०८१ साल जेष्ठ महिनाको १४ गते महालेखा परीक्षकको कार्यालयले यस गाँउपालिकाका अध्यक्षलाई बुझाएको विदितै छ । सो सम्बन्धमा लेखा समितिको गम्भीर ध्यानाकर्षण भई विस्तृत दफाबार छलफललाई लगाडि वढाइएको छ ।अनियमित भएको बेरुजुका सम्बन्धमा लेखा समितिले नियमित गर्नको लागि सभामा पेश गर्नेछ । असुल गर्नुपर्ने बेरुजुका सम्बन्धमा सम्बन्धित निकाय संस्था तथा पदाधिकारीको सहयोगमा असुलको लागि पत्राचार तथा फलोअप गर्ने कार्यलाई अगाडि बढाइएको छ । प्रमाण पेश गर्नुपर्ने दफाहरुमा सम्बन्धित शाखा मार्फत प्रमाण संकलनको लागि निर्देशन गरि प्रमाण संकलन गरिने कुरा यो गरिमामय सभामा राख्दछु ।

सभाध्यक्ष ज्यू,

अब म आर्थिक वर्ष २०७९।८० को महालेखा परीक्षकको मालिका गाँउपालिकाको अन्तिम लेखा परीक्षण प्रतिवेदनमा अनियमित भएका दफाका सम्बन्धमा नियमित गर्नको लागि गरिमामय सभामा पेश गर्दछु ।